आज मिति २०८२।०५।३१ गते मंगलबारका दिन, बेनी नगर कार्यपालिकाको कार्यालयको सभाहलमा बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८२।८३ को दोस्रो बैठकमा निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | श्री ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | श्री अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | श्री रमेश कुमार श्रेष्ठ | प्रवक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | श्री टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | श्री याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | श्री पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | श्री अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | श्री गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | श्री कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | श्री उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | श्री चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | श्री मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | श्री कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | श्री किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | श्री मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | श्री सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | श्री सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | श्री बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | श्री मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | श्री निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

Scanned with CamScanner

**बेनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेनी, म्याग्दी**

# आर्थिक वर्ष २०८२।८३ को दोस्रो कार्यपालिका बैठकका निर्णयहरु

*(मिति: २०८२।०५।३१ गते)*

**प्रस्तावहरु:**

१. बेनी नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को वार्षिक समीक्षा सम्बन्धमा।

२. कालिपुल बसपार्कको इन्चार्ज तथा सरसफाई कर्मचारी व्यवस्थापन तथा ज्याला निर्धारण सम्बन्धमा।

३. बेनी नगर कार्यपालिकाको कार्यालय परिसरको पहिरो व्यवस्थापन सम्बन्धमा।

४. बेनी नगरक्षेत्रभित्र सञ्चालन हुने तीन पाङ्ग्रे टेम्पो व्यवस्थापन सम्बन्धमा।

५. विविध सम्बन्धमा।

**निर्णयहरु:**

१. बेनी नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को शासन, विकास तथा सेवा प्रवाहका सम्बन्धमा वार्षिक समीक्षा मिति २०८२।०६।२४ गते, बिहान ११ बजे, बेनी नगर कार्यपालिकाको कार्यालय सभाहलमा गर्ने गरी आवश्यक व्यवस्था मिलाउने। साथै नगर क्षेत्र भित्र विभिन्न कार्यक्रममा सक्रिय रहेका गैरसरकारी संस्थालाई समेत आफ्नो प्रगति समीक्षामा सहभागी हुन अनुरोध गर्ने।

२. कालीपुल बसपार्क व्यवस्थापनका लागि एक जना इन्चार्ज तथा दुई जना सरसफाई कर्मचारीहरु राख्न कालीपुल बसपार्क व्यवस्थापन समितिलाई जिम्मा दिने। साथै इन्चार्जका लागि मासिक तलब रु २०,००० तथा सरसफाई कर्मचारीका लागि प्रति व्यक्ति मासिक तलब रु १५,००० उपलब्ध गराउने गरी सम्झौता गर्ने।

३. मिति २०८२।०५।३० गते बिहानको समयमा बेनी नगर कार्यपालिकाको कार्यालय भन्दा माथिबाट पहिरो आउँदा कार्यालय उच्च जोखिममा रहेकोले थप क्षति हुन नदिनका लागि कार्यालय भन्दा माथि तथा बेनी – दर्बाङ सडकको तल्लो भूभागमा रहेका रुखहरु (५ वटा सल्लाको रुख, १ वटा सिमलको रुख तथा १ वटा च्युरीको रुख) कटान गरी विपद् जोखिम न्यूनीकरणमा सहयोग गर्नका लागि डिभिजन वन कार्यालय, म्याग्दीलाई अनुरोध गर्ने।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

४. बेनी नगर कार्यपालिकाको कार्यालयको अनुमतीमा बेनी नगर क्षेत्रमा हाल सम्म २० वटा तीन पाङ्ग्रे सवारी साधन सञ्चालनको प्रक्रिया अगाडि बढाइएकोमा यात्रुहरुको माग एवम् आवश्यकता तथा सवारी चाप समेतलाई मध्यनजर गरी १० वटा तीन पाङ्ग्रे सवारी साधन थप गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने।

५. आर्थिक वर्ष २०८१।८२ को अध्ययन अवलोकन भ्रमणबापतको भुक्तामी हुन बाँकी रकम चालु आर्थिक वर्षको भ्रमण खर्च शिर्षकबाट भुक्तानी हुने गरी पेश्की फछ्यौट गर्ने।

६. २०८२ सालको विजया दशमी, दिपावली, छठ तथा नेपाल सम्वतको अवसरमा बेनी नगरपालिकाका सम्पूर्ण नगरबासीहरुलाई शुभकामना व्यक्त गर्ने।

७. बेनी नगरपालिका न्यायीक समितिमा मिति २०८१।०१।०६ मा दर्ता भएको विवाद दर्ता नं. १५ को उजुरी सम्बन्धमा म्याग्दी जिल्ला बेनी नगरपालिका वडा नं. ६ निवासी लेखनाथ उपाध्याय को नाती बुद्धि प्रसाद ढुंगानाको छोरा दिनेश ढुंगानाले म्याग्दी जिल्ला बेनी नगरपालिका वडा नं.६ निवासी बीर बहादुर थापालाई काममा लगाइ ज्याला मजदुरी नदिएको विषयको उजुरी सम्बन्धमा विवादका पक्षहरु न्यायीक समितिमा उपस्थीत भई गरेको मिलापत्र बमोजिम कुनै पनि रकम उपलब्ध नगराएको हुँदा निज र निजको परिवारको नाउँमा रहेको तपसिल बमोजिमको जग्गा एवं खाता नं. रोक्का गर्ने भनी मिति २०८२ भाद्र ३० गते न्यायिक समितिको इजलासले आदेश गरेको र न्यायीक समितिमा भएको मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने दायित्व स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५२ अनुसार नगरकार्यपालिकालाई रहेकोले आदेशमा उल्लेख भए बमोजिमको निम्न जग्गा तथा बैंक खाता रोक्का राख्नका लागि सम्बन्धित बैंक तथा मालपोत कार्यालय, म्याग्दीमा लेखी पठाउने।

**तपसिलः**

**बैंक खाताको विवरण**

| क्र.स. | खातावालाको नाउँ | खाता रहेको बैंक | खाता नं. | कैफियत |
|---|---|---|---|---|
| १. | दिनेश ढुंगाना प्रोपाइटर रहेको न्यू ढुङ्गाना निर्माण सेवा | नेपाल बैंक लि. | ०६३००१०११५८१३००००००१ | |

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

## जग्गाको विवरण

| क्र.स. | जग्गाधनीको नाम | नक्सा सिट नं. | कि.न. | क्षे.फ. | जग्गा धनीको वुवा/पतिको नाम | जग्गाधनीको हजुरवुवा/ससुराको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | दिनेश ढुंगाना | साविक अर्थूङ्गे १/क | ४७१ | ०-४-०-२ | बुद्धिप्रसाद ढुंगाना | लेखनाथ उपाध्याय | |
| | | साविक अर्थुङ्गे २/क | १३३ | ४-७-१-० | बुद्धिप्रसाद ढुंगाना | लेखनाथ उपाध्याय | |
| २. | दिनेश ढुंगानाको श्रीमती याम कुमारी ढुंगाना | साबिक अर्थुङ्गे १/क | २३८ | ०-३-१-३ | दिनेश ढुंगाना | बुद्धिप्रसाद ढुंगाना | |

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३